**DO NOT OPEN THIS TEST BOOKLET UNTIL YOU ARE ASKED TO DO SO**

# 23-0009-AC1 TEST BOOKLET

## NEPALI

Time Allowed: 3 hours

## PAPER – II

Maximum Marks: 300

## INSTRUCTIONS TO CANDIDATES

*Read the instructions carefully before answering the questions: -*

1. This Test Booklet consists of 16 **(sixteen) pages** and has **75 (seventy-five) items (questions)**.
2. IMMEDIATELY AFTER THE COMMENCEMENT OF THE EXAMINATION, YOU SHOULD CHECK THAT THIS BOOKLET *DOES NOT* HAVE ANY UNPRINTED OR TORN OR MISSING PAGES OR ITEMS ETC. IF SO, GET IT REPLACED BY A COMPLETE TEST BOOKLET.
3. **Please note that it is the candidate's responsibility to fill in the Roll Number and other required details carefully and without any omission or discrepancy at the appropriate places in the OMR Answer Sheet and the Separate Answer Booklet. Any omission/discrepancy will render the OMR Answer Sheet and the Separate Answer Booklet liable for rejection.**
4. Do not write anything else on the OMR Answer Sheet except the required information. Before you proceed to mark in the OMR Answer Sheet, please ensure that you have filled in the required particulars as per given instructions.
5. Use **only Black Ball Point Pen** to fill the OMR Answer Sheet.
6. This Test Booklet is divided into 4 (four) parts – **Part – I, Part – II, Part - III** and **Part – IV**.
7. All three parts are **Compulsory**.
8. **Part-I consists of Multiple Choice-based Questions.** The answers to these questions have to be marked in the **OMR Answer Sheet** provided to you.
9. **Part-II, Part-III and Part-IV consist of Conventional Essay-type Questions.** The answers to these questions have to be written in the separate **Answer Booklet** provided to you.
10. In Part-I, each item (question) comprises of 04 (four) responses (answers). You are required to select the response which you want to mark on the OMR Answer Sheet. In case you feel that there is more than one correct response, mark the response which you consider the best. In any case, choose *ONLY ONE* response for each item.
11. After you have completed filling in all your responses on the OMR Answer Sheet and the Answer Booklet(s) and the examination has concluded, you should hand over to the Invigilator ***only the OMR Answer Sheet and the Answer Booklet(s)***. You are permitted to take the Test Booklet with you.
12. **Penalty for wrong answers in Multiple Choice-based Questions:**

THERE WIL BE **PENALTY** FOR WRONG ANSWERS MARKED BY A CANDIDATE.

(i) There are four alternatives for the answer to every question. For each question for which a wrong answer has been given by the candidate, **one-third** of the marks assigned to the question will be deducted as penalty.

(ii) If a candidate gives more than one answer, it will be treated as a **wrong answer** even if one of the given answers happens to be correct and there will be same penalty as above to the question.

(iii) If a question is left blank. i.e., no answer is given by the candidate, there will be **no penalty** for that question.

**DO NOT OPEN THIS TEST BOOKLET UNTIL YOU ARE ASKED TO DO SO**

## PART - I
### (Multiple Choice-based Questions)

*Instructions for Questions 1 to 50:*

- *Choose the correct answers for the following questions.*
- *Each question carries 3 marks.*

*[3x50=150]*

**नोट: यस प्रश्नपत्रमा पचासवटा (५०) बहुविकल्पीय प्रश्न छन्। प्रत्येक प्रश्न तीन(३) अङ्कको छ। सबै प्रश्न अनिवार्य छन्।                ५०x३= १५०**

१. रुपनारायण सिंहका " बितेका कुरा" कथा कुन पत्रिकामा प्रकाशित भएको थियो?

A) गोर्खा
B) खोजी
C) साहित्य-स्रोत
D) शारदा

२. "यो टेबल गफ हो, चश्मादारअध्यापकको व्याख्यान होइन, न त वमन वेदान्त"!
'निबन्धकारको रूपमा यो भनाई कसको हो?

A) चूडामणि बन्धु
B) रामकृष्ण शर्मा
C) हृदयचन्द्रसिंह प्रधान
D) देवकोटा

३. नेपाली भाषामा लेखिएको नाटक दार्जीलिङमा सर्वप्रथम प्रदर्शन गराउने हुन् -धनवीर मुखिया र यो परम्परालाई लोकप्रियताको चरमचुलीमा पुर्याउने चाहिँ हुन् मनबहादुर मुखिया" भन्ने यो भनाई कसको हो?

A) इन्द्रबहादुर राई
B) रामलाल अधिकारी
C) असीत राई
D) लक्खीदेवी सुन्दास

४. 'भारती' पत्रिकाको प्रधान सम्पादक को थियो?

A) रुपनारायण सिंह
B) पारसमणि प्रधान
C) पद्मप्रसाद प्रधान
D) सूर्य विक्रम ज्ञवाली

५. "यो देशको माटोले भन्छ
यो देशको ढुङ्गाले भन्छ
हाम्रो पनि रातो रगत यही बगेको छ
हाम्रो पनि तातो पसिना यहीं खसेको छ।"

उपरोक्त पंक्ति कुन सालमा, कुन चाहिँ देशबिचको युद्धमा मारिएका नेपाली सैनिकहरू नाउँमा लेखिएको कविता हो?

A) सन् १९९९ पाक र भारत कारगिल युद्ध
B) सन् १९६२ चीन र भारतको युद्ध
C) सन् १९७१ बंगलादेश र भारतको युद्ध
D) सन् १९६५ पाक र भारतको युद

६. माथिका उद्‌धृत उपरोक्त अंश कुन कविताबाट निकालिएको हो?

A) जीवन एक दृष्टि
B) खै मान्यता यहाँ आत्माहुतिको बलिदानको
C) आकाशका तारा के तारा
D) हामीलाई निर्धो नसम्झ

७. हरिभक्त कटुवालद्वारा लिखित "यो जिन्दगी खै के जिन्दगी 'कवितामा जिन्दगीलाई के-केसंग तुलना गरिएको छ?

A) बन्दुक र खुकुर
B) पसलभित्रको सरसमान र साईकलको टीयुब
C) काँचको चुरा र रबरको चप्पल
D) समस्या र काँचको बोतल

८. 'पहाडी जीवन' निबन्धभित्र देवकोटाले यात्रा गरेको कुन ठाउँको चाहिँ पहाडी जीवनको चित्रण उतारिएको छ?

A) गोसाइँकुण्ड र नुवाकोटको
B) गोसाइँकुण्ड र झिल्टुङको
C) गोसाइँथान र तनहुँ जिल्लाको
D) भोट र ल्हासाको

९. "भावनाको बौद्धिक कोमलता नै काव्य हो" यो कसको भनाई हो?

A) विश्वनाथ
B) देवकोटा
C) बालकृष्ण सम
D) बासुदेव त्रिपाठी

१०. मालती देवी" रूपनारायण सिंहको कुन कथामा पर्ने पात्राको नाउँ हो?

A) जिम्मेवार कसको

B) विध्वस्त जीवन

C) बितेका कुरा

D) धनमतिको सिनेमा स्वप्न

११. "तरुण तपसी' कुन किसिमको काव्य हो?

A) खण्डकाव्य

B) महाकाव्य

C) नव्यकाव्य

D) लामो कविता

'१२. इन्द सुन्दासको कुन कृतिले साहित्य अकादमी पुरस्कार पाएको थियो?

A) नियति

B) मंगली

C) सहारा

D) जुनेली रेखा

१३. "रुपनारायण सिंहका अपूरो उपन्यास"बिजुली" कुन सालमा कुन पत्रिकामार्फत धारावाहिक रूपमा प्रकाशित भएको थियो?

A) गोर्खा सन् १९४१

B) खोजी सन् १९४०

C) भारती'सन् १९४९

D) साहित्य स्रोत सन् १९४६

१४. "लौ उही जाऊ जहाँ खेत छ कर्मको
केही आशा नली रोप! सत्यबीज स्वधर्मको ।"

माथिका उद्धृत वाक्य कसले कसलाई भनेको हो?

A) गन्धर्वले शकुनलाई

B) चक्रमूर्तिले राजा हिरण्यकशेपुलाई

C) प्रह्लादले शण्डलाई

D) नारदले प्रह्लादलाई

१५. हिरण्यकशेपुको पत्नीको नाम के थियो?

A) कयाधु

B) रुधाभानु

C) शतारु

D) सागारी

१६. इन्द सुन्दासको 'जुनेली रेखा' उपन्यासलाई कुन सालमा भानु पुरस्कारद्वारा सम्मानित गरिएको थियो?

A) सन् १९७१
B) सन् १९८३
C) सन् १९८०
D) सन् १९८५

१७. मेघदूतमा हामी लेखनाथ भन्दा ठूला कवि पाउँछौँ, तर तरुण तपसीमा हामी कालिदास भन्दा ठूला दार्शनिक पाउँछौं। यो भनाई कसको हो?

A) बालकृष्ण सम
B) रूपनारायण सिंह
C) इन्द सुन्दास
D) सिद्धिचरण श्रेष्ठ

१८. इन्द सुन्दासको पहिलो लोकप्रिय उपन्यास'कुन हो?

A) जुनेली रेखा
B) मंगली
C) नियति
D) सहारा

१९. गिरीको छोरोलाई ' यस कवितामा कविले छोरालाई यस जग बनको के बन्नु भनेको छ?

A) सुन्दर फूल
B) तिख्खर काँडा
C) अमृतकण
D) विषको भाँडा

२०. इन्द्रबहादुर राईको पहिलो प्रकाशित कथा कुन हो?

A) ठुली कान्छी
B) जयमाया आफुमात्र लेखापानी आइपुगी
C) मेरी दिदी
D) रातभरि हुरी चल्यो

२१. लीलबहादुर क्षेत्रीको उपन्यास' 'ब्रह्मपुत्रका छेउछाउ'भित्र कुन साल समयावधिको आसामेली नेपाली जनजीवनका घटनाक्रमहरु उल्लेख गरिएको छ?

A) सन् १९३४ देखि १९५०-७०
B) सन् १९३३-३४ देखि १९५७
C) सन् १९४३-४४ देखि १९६९-७०
D) सन् १९३३ देखि १९५०-६०

२२. कुन ठाउँ वा बजारदेखिको उत्तरतिर स्थित एक डेढ़ किलोमीटरको फराकमा पनि खानीटारको हावापानीमा धेरै भिन्नता रहेको पाइन्छ।

A) गान्तोक
B) रम्फू
C) नाम्ची
D) जोरथाङ

२३. इन्द सुन्दासद्वारा अनुवाद गरिएको बगंलाको सुप्रसिद्ध नेपाली उपन्यास कुन हो?

A) पद्मा नदीको माझी
B) देवदास
C) कपाल कुण्डला
D) गीताञ्जली

२४. होइन, सर "- मङ्गलेले छिटोछिटो भन्यो- " त्यो त म मङ्गलबार जन्मेकोले सबैले मङ्गेले भन्छन्। मेरो खास नाम त ___________ हो?

मङ्गलेको खास नाम के थियो?

A) पहलमान
B) विनय
C) ठूले कान्छा
D) द्वारिकानाथ

२५. माथिका उद्धृत गद्यांश भाग कुन कथबाट निकालिएको हो?

A) खानीटारमा एकदिन
B) असिनाको मान्छे
C) जिम्मेवार कसको
D) रातभरि हुरी चल्यो

२६. रामकृष्ण शर्माको पहिलो सामालोचनात्मक लेख "अंग्रेजी साहित्यको प्रभाव' कुन चाहिँ पत्रिकामा प्रकाशित भएको पाइन्छ?

A) चन्द्रिका
B) शारदा
C) गोर्खा
D) दियालो

२७. लीलबहादुर क्षेत्रीको 'ब्रह्मपुत्रका छेउछाउ':कुन सालमा नेपाली साहित्य अकादमी पुरस्कार पाएको थियो?

A) सन् १९८८
B) सन् १९९०
C) सन् १९८७
D) सन् १९८६

२८. रामकृष्ण शर्माले आफ्नो समालोचनात्मक रचनामा कविलाई म मानव हृदयभित्र सुसुप्त रहेको दैवी अंशको सुइच्छालाई भाषामा प्रकट गर्ने के सम्झिन्छु भनेको छ?

A) राक्षस
B) महात्मा
C) पाखण्डी
D) माउथपीस

२९. "घरी-घरी हावा भरिरहनु पर्ने
पङ्क्चर भएको-
बाइस्कल ट्यूब जस्तो यो जीवन।"

यो पंक्ति कुनचाहिँ कविताबाट निकालिएको हो?

A) जीवन: एक दृष्टि
B) जलेको प्रतिविम्ब रोएको प्रतिध्वनि
C) हामीलाई निर्धो नसम्झ
D) खै मान्यता यहाँ आत्माहुतिको- बलिदानको

३०. तल दिएका रचनाहरूको र रचनाकारसंग मिलाएर सठीक चिन्ह लगाउनुहोस्।

| रचनाहरू | रचनाकार |
| --- | --- |
| क) घोष बाबू | i. रूपनारायण सिंह |
| ख) विश्वस्त जीवन। | ii. मनबहादुर मुखिया |
| ग) असिनाको मान्छे | iii. सानु लामा |
| घ) सुस्केरा | iv. इन्द्रबहादुर राई |

क ख ग घ
A) iv, i, iii, ii
B) I, ii, iii, iv

क ख ग घ
C) ii, iii, i, iv
D) iii, ii, iv, i

३१. रामकृष्ण शर्माको जन्म कहाँ भएको थियो?

A) कलकत्ता
B) कालिम्पोङ
C) दार्जीलिङ
D) बर्मा

३२. "म न तआस्तिक, न नास्तिक। ईश्वर मैले देखेको छैन, ईश्वरको अस्तित्व छ भन्न पनि सक्तिनँ, छैन भन्ने प्रमाण पनि मसित छैन"-यो कुन कथाबाट निकालिएको पाठ हो?

A) भागी
C) विश्वस्त जीवन
B) जिम्मेवारी कसको?
D) स्वास्नी मान्छे

३३. "शिकारीको झम्टा तन-बिच परेथ्यो जब अनि
चरी बोल्यो चीं चीं गरिकन कठै! व्याकुल बनी
म मर्ने बेला भो तर मनुज! तिम्रो मनुजता
कता भाग्यो, त्यस्को भरसक बुझे है तिमि पता।"

माथिका पधांश तरुण तपसी' कुन विश्रामबाट निकालिएको हो?

A) पञ्च विश्राम
C) षष्ठ विश्राम
B) तृतीय विश्राम
D) सप्तम विश्राम

३४.'उदयलहरी' कुन छन्दमा रचिएको छ?

A) दोहा छन्द
C) झ्याउरे छन्द
B) सवाई छन्द
D) मात्रिक छन्द

३५. "कविलाई म सौन्दर्यको पुजारी ठान्छु, नैतिकताको छहरा ठान्छु, आदर्शताको दर्पण ठान्छू" - यो भनाई कसको हो?

A) देवकोटा
C) बालकृष्ण सम
B) रामकृष्ण शर्माको
D) सिद्धिचरण श्रेष्ठ

३६. "दाडिमको रूखनेर" निबन्ध संग्रह कसले सम्पादनमा प्रकाशित भएको थियो?

A) लक्ष्मीप्रसाद देवकोटा
C) हृदयचन्द्रसिंह प्रधान
B) शंकर लामिछाने
D) रामकृष्ण शर्मा

३७. सन्त कवि ज्ञानदिल दासले जोसमनी सम्प्रदायका कुन सन्तको हातबाट दीक्षा ग्रहण गरेको थिए?

A) श्याम दास
C) बद्री दास
B) शशिधर दास
D) श्यामदिल दास

३८. "मलाई कुनै म्लेच्छ पंक्तिहरू जबर्जस्ती घिच्याएर नाकडोरी लगाउँदैनन्।म अर्काको भनाई र शैलीमा नत्थिन्नँ"।

उपरोक्त गद्यांश कुनचाहिँ निबन्धबाट निकालिएको हो?

A) श्री गणेशय नमः
B) कला र जीवन
C) कवि
D) कल्पना

३९. उपरोक्त गद्यांशभित्रका 'म्लेच्छ' भन्ने शब्दले के अर्थ बुझाउँछ?

A) मच्छर
B) विदेशी
C) प्रवासी
D) इच्छाहीन

४०. कवि अगमसिंह गिरीको कुन कृतिले मरणोपरान्त "भानु पुरस्कार" पाएको थियो?

A) आत्मा व्यथा
B) जीवन गीत
C) युद्ध र योद्धा
D) जलेको प्रतिविम्ब रोएको प्रतिध्वनि

४१. "'सुस्केरा'" एकांकी नाटकको नाटककार को हुनुहुन्छ?

A) मनबहादुर गुरुङ
B) धनवीर मुखिया
C) मनबहादुर मुखिया
D) मोहन पुकार

४२. कवि शिरोमणि लेखनाथ पौड्यालको 'तरुण तपसी' कतिवटा विश्राममा बाँडिएको छ?

A) उन्नाइस विश्राम
B) अठार विश्राम
C) एकाईस विश्राम
D) नवौँ विश्राम

४३. "सहारा" उपन्यासको मुख्य पात्र को हुन्?

A) जेदोङ सर
B) जसे
C) जागीरमान
D) भाइमान

४४. "अर्काकी स्वास्नीको जीउमा हात हाल्ने! श्रम नभएको।तं जस्तालाई अहिले यही मारिदिन्छु..."- यो वाक्य कसले कसलाई भनेको हो?

A) ठूली कान्छीले सार्की दाईलाई

B) ठुली कान्छीले मिङ्मालाई

C) ठूलोकान्छाले सार्की दाईलाई

D) ठूलोकान्छाले मिङ्मालाई

४५. तल दिएका साहित्यकारको नाम र साहित्यिक कृतिहरू मिलाएर सठीक चिन्ह लगाउनुहोस्।

| साहित्यकार | कृति |
|---|---|
| क) मनबहादुर मुखिया | i. बसाइँ |
| ख) लीलबहादुर क्षेत्री | ii. कठपुतलीको मन |
| ग) इन्द्रबहादुर राई | iii. मृगतृष्णा |
| घ) सानु लामा | iv. क्रसमा टांगिएको जिन्दगी |

क ख ग घ

A) iv, i, ii, iii

B) ii, i, iii, iv

क ख ग घ

C) iii, iv, ii, i

D) iv, iii, i, ii

४६. इन्द्रबहादुर राई सर्वप्रथम प्रकाशित कथा "साहित्य सङ्गम' (द्वैमासिक) पत्रिकामा छापिएको थियो?यस पत्रिकाको सम्पादक को हुनुहुन्थ्यो?

A) शिवकुमार राई

B) पारसमणि प्रधान

C) गुमानसिंह चामलिङ

D) सूर्यविक्रम ज्ञवाली

४७. रामकृष्ण शर्माको 'समालोचनात्मक रचनाकृति 'दश गोर्खा' प्रकाशन काल कहिले हो?

A) सन् १९६९

B) सन् १९६७

C) सन् १९९२

D) सन् १९८५

४८. हामी भानुभक्त पढेर शिक्षा शुरू गर्दछौं र उसलाई हेलां गरेर समाप्त गर्ने गर्दछौ, तर बुझ्नेहरू आफ्नो घरको बत्तीमा अर्कै मोहनी देख्तछन्।- यो भनाई कसको हो?

A) रामकृष्ण शर्मा

B) बालकृष्ण सम

C) मोतीराम भट्ट

D) देवकोटा

४९. "नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष' शीर्षक निबन्धमा निबन्धकार लक्ष्मीप्रसाद देवकोटाले कसलाई सर्वश्रेष्ठ पुरुष ठानेको छ?

A) आदिकवि भानुभक्त
B) कवि शिरोमणि लेखनाथ पौड्याल
C) पृथ्वीनारायण शाह
D) सिद्धिचरण श्रेष्ठ

५०. प्रत्येक लेखकलाई आफ्नो युगको वातावरण, रीति रीति विचार र चाल-चलनले प्रभाव पारेको हुन्छ औ त्यहीं प्रभावले उसको रचना रंगिन्छ। रुपनारायणज्युका कथाहरूमा पनि त्यो सत्य भएको छ औ उनका कथाहरू पढेर हामी १९३० देखि १९५० बिचको दार्जीलिङ समाजको चित्रण पाउँछौं। - यो भनाई कसको हो?

A) सूर्यविक्रम ज्ञवाली
B) डा. ईश्वर बराल,
C) पारसमणि प्रधान
D) राजनारायण प्रधान

**PART - II**

**(Short Answer-type Questions)**

***Instructions for Questions 51 to 63:***

- ***Write the answers in short for any 10 (TEN)out of the thirteen questions.***
- ***Each question carries 5 marks.***

***[5x10=50]***

**नोटः यस प्रश्नपत्रमा तेह्रवटा (१३) प्रश्नहरू छन्। जसमध्ये दशवटा (१०) प्रश्नको उत्तर मात्र दिईनु पर्नेछ। प्रत्येक प्रश्नोत्तर पाँच (५) अङ्कको छ। (१०×५= ५०)**

५१. नेपाली साहित्यको पहिलो 'कथासंग्रह कुन हो'? यो कहिले अनि कहाँबटा प्रकाशित भएको थियो? र यसको सम्पादक को हुनुहुन्थ्यो?

५२. कथा र उपन्यास माझमा के के समानता र असमानता छन्? लेख्नुहोस्।

५३. इन्द सुन्दासद्वारा लिखित "सहारा" उपन्यासलाई 'जूनेली रेखा' उपन्यासको दोस्रो भाग। मानिन्छ। किन? सार रूपमा चर्चा गर्दै बताउनुहोस्।

५४. बालकृष्ण समको- "ज्ञान मर्दछ हाँसेर रोई विज्ञान मर्दछ "- यी पंक्तिमा निहित समको दर्शन पक्षलाई केलाउनुहोस्।

५५. "बनाऊ पृथिवीलाई स्वर्ग, स्वर्गै छ स्वर्ग त।"

यी माथिका वाक्य कसले कसलाई भनेको हो?किन? व्याख्या गर्नुहोस्।

५६. सानु लामाको "स्वास्नी मान्छे" कथाभित्रको नारी पात्रा वा चरित्रलाई चित्रण गर्नुहोस् ।

५७. इन्द्रबहादुर राईको कथा "रातभरि हुरी चल्यो"मा निम्नवर्गीय ग्रामीण जनजीवनलाई कसरी चित्रण गरी उतारिएको छ? संक्षेपमा बताउनुहोस्।

५८. "अस्तित्वको हाम्रो मक्किन लागेको टेवालाई
काँध हाल्न आउने
अं, मान्छे चाहिएको छ
सन्तान चाहिएको छ
बाँझा इच्छा र सपनालाई
हरिलो भरिलो पारिदिने

एक होइन,हजारन् उपस्थिति चाहिएको छ"

उपरोक्त कवितांश कुन कविताबाट निकालिएको छ? यस कविताको कवि को हुनुहुन्छ?-भाव-विस्तारसहित व्याख्या गर्नुहोस्।

५६. "यो जिन्दगी खै के जिन्दगी" कुन समय-सन्दर्भमा रचिएको थियो? यस कवितामा कविले 'जिन्दगी"लाई कस्तो प्रकारले हेरेको छ?आफ्नो प्रतिक्रिया लेख्नुहोस्।

६०. "न आत्मा कहिल्यैँ मर्छ, न ता यो देह मर्दछ
न था कीर्ति कुनै मर्छ, न ता यो कर्म मर्दछ
परन्तु सब छुट्टिन्छन् मृत्यु नै त्यो वियोग हो,
आत्मा वासना बस्छ, देह कीर्ति र कर्मको"।।

यी माथिका वाक्य कसले कसलाई भनेको हो? उपरोक्त पंक्तिको- भाव व्याख्या गर्नुहोस्।

६१. निजात्मक निबन्धकार रूपमा देवकोटा"- टिप्पणी लेख्नुहोस्।

६२. "न सक्छौं यो आँसु टपटप टिपी चप्प पिउन
न सक्छौ मासुले दिनभर अघायेर जिउन।
न सक्छौ यो भुत्ला लिइकन कुनै बस्त्र सिउन
चूड़यौं व्यर्थै मेरो मनुज! तिमिले जीवन किन?"

यो पधांश कुन विश्रामबाट निकालिएको हो?- माथि पधांशमा उल्लेखित कुरो कसले कसलाई भनिएको हो, किन? चर्चा गर्नुहोस्।

६३. "कविलाई म सौन्दर्यको पुजारी ठान्छु, नैतिकताको छहरा ठान्छु, आदर्शताको दर्पण ठान्छू" - यो भनाई कसको हो? उहाँका रचनामा कविमाथि कस्ता दृष्टिकोण रहेको छ? बताउनुहोस्।

## PART - III
## (Long Answer-type Questions)

*Instructions for Questions 64 to 71:*

- *Answer any 5 (FIVE) out of the eight questions.*
- *Each question carries 10 marks.*

*[10x5=50]*

**नोट: यस प्रश्नपत्रमा आठवटा(८)प्रश्नहरू छन्। जसमध्ये पाँचवटा(५) प्रश्नको उत्तर मात्र दिईनु पर्नेछ। प्रत्येक प्रश्नोत्तर दश (१०) अङ्कको छ। (५×१०=५०)**

६४. प्रसांगिक कथावस्तु ' भन्नाले के बुझिन्छ? कथाकार रुपनारायण सिंहका '' विध्वस्त जीवनको समीक्षा लेख्नुहोस्।

६५. कला र जीवन' कुन किसिमको निबन्ध हो? "कला, कलाको लागि वा कला जीवनको निम्ति" पाश्चात्य अवधारणामाथि देवकोटाको समर्थन वा मतलाई संक्षेपमा चर्चा गर्नुहोस्।

६६. "म खाऊँ, मैं लाऊँ सुख- सरल वा मौज म गरूँ
म बाँचु, मैं नाचुँ, अरू सब मरून् दुर्बलहरू
भनी दाह्रा धस्ने अबूझ शठदेखी छक परी
चिंता खित्का छाडी अभयसित हाँस्यो मरिमरी"।। (तरुण तपसी'-लेखनाथ पौड्याल)

उधृत पंक्ति वा भाग "तरुण तपसी' को कुन विश्रामबाट निकालिएको हो? उपरोक्त पंक्तिको भाव व्याख्या गर्नुहोस्।

६७. ज्ञानदिल दासद्वारा रचित रचनाहरू के के हुन्? सन्त ज्ञानदिल दासको रचना 'उदयलहरी' भित्रको धार्मिक मान्यता र जीवन दृष्टि; संक्षेपमा चर्चा गर्नुहोस्।

६८. विपना कतिपय ' कथासंग्रह कहिले प्रकाशित भयो? कथाकारका रूपमा इन्द्रबहादुर राईको यथार्थवादी कथा प्रवृत्ति र विशेषताहरु संक्षेपमा उल्लेख गर्नुहोस्।

६९. स्वच्छन्दतावादी कथाकारको रूपमा रुपनारायण सिंहका कथा प्रवृति र विशेषताहरू उल्लेख गर्दै 'बितेका कुरा' कथाको सामाजिक पक्ष चर्चा गर्नुहोस्।

७०. समको मनोविज्ञान "ज्ञान विज्ञानको हात जोड्नूपर्दछ कर्ममा" यो भनाईलाई प्रष्ट पार्नुहोस्।

७१. 'तरूण तपसी' का सामाजिक पक्षलाई व्याख्या गर्नुहोस्।

**PART - IV**
**(Essay-type Questions)**

*Instructions for Questions 72 to 75:*

- *Answer any 2 (TWO) out of the four questions.*
- *Each question carries 25 marks.*

*[25x2= 50]*

**नोट: यस प्रश्नपत्रमा चारवटा (४) प्रश्नहरू छन्। जसमध्ये दुईवटा (२)प्रश्नको उत्तर मात्र दिईनु पर्नेछ। प्रत्येक प्रश्नोत्तर पच्चीस (२५) अङ्कको छ। (२×२५=५०)**

७२. कवि लेखनाथ पौड्याल संक्षिप्त परिचय दिएर उहाँको कृति 'तरुण तपसी' काव्यको नवीनताबरेमा चर्चा गर्नुहोस्।

७३. इन्द सुन्दासको जीवन परिचय दिँदै, उहाँले लेख्नु भएको उपन्यासहरू मध्ये कुन कृतिमा सर्वाधिक औपनिवेशिक प्रभाव रहेको पाइन्छ र किन?आफ्नो वैचारिक मत राख्दै समीक्षात्मक अवलोकन प्रस्तुत गर्नुहोस्।

७४. सिक्किमेली कथाकार सानु लामाको परिचय दिँदै उहाँको कथाहरूमा पाइने कथा प्रवृत्तिहरू उल्लेख गर्दै 'स्वास्नी मान्छे'" कथाको समीक्षात्मक लेख लेख्नुहोस्।

७५. कवि अगमसिंह गिरीको साहित्यिक परिचंय दिनुहोस्।कवि गिरीलाई किन नेपाली जातीय कविको भनिन्छ? विस्तृत चर्चा गरेर गहकिलो लेख लेख्नुहोस्।